गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय

# प्रदेश जनस्वास्थ्य कार्यालय

नवलपरासी (बर्दघाट सुस्ता पूर्व), नेपाल

फोन नं: ०७८-४०१०८३
इमेल: honawalpur@gmail.com

प.स.: २०८३/८४
च. नं.:

## विशेष सतर्कता तथा स्वास्थ्य सेवा तयारीसम्बन्धी अनुरोध

भोटेकोशी नदी, रसुवामा तिब्बततर्फबाट ठूलो बाढी प्रवेश गरेको तथा भोटेकोशी, त्रिशुली र नारायणी नदीको तटीय क्षेत्रमा बाढी तथा डुबानको जोखिम बढेको सम्बन्धमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट विशेष सतर्कता अपनाउन अनुरोध गरिएको छ। उक्त अवस्थालाई मध्यनजर गर्दै नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्लाका सम्पूर्ण स्थानीय तह, स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीहरूलाई उच्च सतर्कता अपनाई विपद् व्यवस्थापन तथा स्वास्थ्य सेवा प्रवाहका लागि आवश्यक तयारी अवस्थामा रहनुहुन अनुरोध गरिन्छ।

विशेष गरी:

- नदी तथा खोलानाला आसपासका जोखिमयुक्त क्षेत्रमा बसोबास गर्ने समुदायलाई बाढी, डुबान तथा अन्य विपद्का सम्भावित जोखिमबारे समयमै जानकारी गराउने,
- स्वास्थ्य संस्थामा आकस्मिक स्वास्थ्य सेवा, औषधि, आवश्यक स्वास्थ्य सामग्री तथा जनशक्तिको तयारी, प्राथमिक उपचार, स्वास्थ्य सेवा तथा आवश्यकताअनुसार रेफरल व्यवस्थापन प्रभावकारी बनाउन तयारी गर्ने,
- स्वास्थ्य संस्था तथा स्थानीय तहले विपद्सम्बन्धी सूचना, घटना तथा स्वास्थ्य अवस्थाको तत्काल जानकारी/प्रतिवेदन सम्बन्धित निकायमा समयमै उपलब्ध गराउने,

साथै, जिल्लामा सम्भावित विपद् तथा विपदजन्य स्वास्थ्य जोखिमलाई मध्यनजर गर्दै सम्पूर्ण स्वास्थ्य संस्थाहरूलाई सतर्क एवं तयारी अवस्थामा रहनुहुन तथा कुनै आकस्मिक स्वास्थ्य अवस्था सिर्जना भएमा सम्बन्धित निकायमा तत्काल जानकारी गराउनुहुन अनुरोध गरिन्छ।

प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
वि.सं: २०८३ भदौ १० गते बुधबार, १२:२२ बजे
नेपाल संवत: ११४६ गुलाथ्व त्रयोदशी - १३

